**Article DOI: https://doi.org/10.3126/jeri.v5i1.88620**

**Journal of Educational Research and Innovation**
A Multidisciplinary Bilingual Journal
ISSN 2631-2336; Volume 5, Issue 1, December 2025, pp. 74-90
Indexed in Nepal Journals Online (NepJOL)

# सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नेपाली भाषा शिक्षकहरूका अनुभव

तिलकप्रसाद लम्साल, उपप्राध्यापक, सामाजिक शास्त्र तथा शिक्षा सङ्काय, नेपाल खुला विश्वविद्यालय
https://orcid.org/0009-0006-9682-2552
भुपेन्द्र बि.सी, दर्शनाचार्य तह, bhupendra.bc11@gmail.com

## सार

प्रस्तुत अध्ययन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा नेपाली भाषा शिक्षकका अनुभव र उनीहरूले भोगेका चुनौतीहरूसँग सम्बन्धित रहको छ । त्यसैले नेपाली भाषा शिक्षण गर्दा शिक्षकहरूले सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धमा गरेका अनुभव र उनीहरूले सामना गर्नुपरेका चुनौतीहरूलाई पहिचान गरी विश्लेषण गर्ने यस अध्ययनको उद्देश्य रहेको छ । गुणात्मक अनुसन्धानको घटनाविज्ञान ढाँचा रहेको यस अनुसन्धानमा सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिकाका सामुदायिक विद्यालयका ३ जना नेपाली भाषा शिक्षकहरूलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट चयन गरी अन्तर्वार्ताका माध्यमबाट सामग्री सङ्कलनं गरिएको छ । अध्ययन क्षेत्रमा नेपाली भाषा शिक्षणमा ल्यापटप, मल्टिमिडिया प्रोजेक्टर, सामाजिक सञ्जाल, स्मार्टबोर्ड, युट्युब, विभिन्न वेभसाइट तथा मोबाइल अनुप्रयोगहरू प्रयोगमा आइरहेका छन् । भाषा शिक्षणमा सूचना तथा सञ्चार प्रविधिका साधनहरूको प्रयोग उपयोगी साबित भएको छ । सूचना तथा सञ्चार प्रविधिले यसले विद्यार्थीको सिकाइमा सक्रियता र सहभागिता बढाउने, व्यक्तिगत सिकाइमा जोड दिने, सिकाइलाई विद्यार्थी केन्द्रित बनाई सिकाइ उपलब्धि सुधार गर्ने र शिक्षकको बोझलाई कम गर्ने भएकाले शिक्षण सिकाइमा उपयोग गर्नुपर्ने यस अध्ययनबाट निष्कर्ष प्राप्त भएको छ । साथै भाषिक कार्यकलापका विविध रूपहरूमा यसको प्रयोगले महत्त्व राखेको छ । सूचना तथा सञ्चार प्रविधिसम्बद्ध स्रोत, साधन, नेपाली विषयसम्बद्ध सामग्री, नीतिहरूको कार्यान्वयन, पूवाधार, सूचना तथा सञ्चार प्रविधिप्रतिको अविश्वास, तालिम, पेसागत विकास, प्राविधिक सिप, समयको अभावलाई नेपाली भाषा शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको उपयोगका चुनौतीका रूपमा लिइएको छ । शिक्षकहरूले सूचना तथा सञ्चार प्रविधिको प्रयोगले भाषिक सिप विकास गर्ने विषयमा सकारात्मक धारणा राखेका छन् । यसका साथै शिक्षकहरूलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि प्राविधिक सिप विकासका लागि स्वप्रयत्न र प्रशिक्षणको आवश्यकता औँल्याइएको छ ।

**Article Info.**

**Article History**
Received: 31 October 2025
Revised: 3 December 2025
Accepted: 12 December 2025

**Copyright Information**
Copyright 2025 © The author(s).

**Publisher**

Graduate School of Education
Mid-West University
Birendranagar, Surkhet
www.mwu.edu.np

***शब्दकुञ्जी :*** उपयोगिता, चुनौती, प्राविधिक उपकरण, सिकाइ उपलब्धि

## अध्ययनको पृष्ठभूमि

वर्तमान समयमा हाम्रो दैनिक जीवनका विभिन्न क्षेत्रमा प्रविधिको प्रयोग अन्योन्याश्रित रूपमा देखापरेको छ । यसको अभावमा हाम्रा दैनिक गतिविधिहरूमा अनेकन प्रभाव पर्ने गरेको छ । यससम्बन्धमा सूचना तथा सञ्चार प्रविधि भन्नाले सूचना सिर्जना, भण्डारण, प्रशोधन, प्रसारण र साझेदारी सहयोग पुऱ्याउने प्रविधिको संयोजनलाई लिइन्छ । सूचनाप्रविधिले विभिन्न सूचना तथा त्यस्ता सेवाहरूको सङ्कलन, प्रशोधन, प्रसारण, प्रचार, प्रस्तुति गर्ने हार्डवेयर, सफ्टवेयर, सञ्चारमाध्यमहरूलाई जनाउँछ (क्यारोलिन र सेलिन, सन् २०१६; उद्धृत, नेपाल, सन् २०२४, पृ. ५०) । सूचना तथा सञ्चार प्रविधि शब्दले सबै प्रकारका सञ्चार उपकरण वा एप्लिकेसनहरूलाई समेट्छ । यसमा रेडियो, टेलिभिजन, मोबाइल फोन, कम्प्युटर, नेटवर्कका हार्डवेयर र सफ्टवेयर, उपग्रह प्रणाली आदि पर्दछन् । साथै ती उपकरणहरूसँग सम्बन्धित भिडियो कन्फरेन्सिङ र दूरशिक्षा सिकाइ जस्ता विभिन्न सेवाहरू र प्रयोगहरू पनि समावेश छन् ( कुमार, सन् २००८, पृ. ५५६) । त्यति मात्र होइन, कुमार (सन् २००८) ले शिक्षामा सूचना तथा सञ्चार प्रविधिलाई इ-लर्निङ, ब्लेन्डेड लर्निङ र दूरशिक्षा सिकाइमा समेत विभाजन गरेका छन् । यससम्बन्धमा विद्यालय शिक्षामा भाषा शिक्षणका सन्दर्भमा सूचना तथा सञ्चार प्रविधिले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । नेपाली भाषा शिक्षणमा श्रुतिभाषिक विधि, प्रत्यक्ष विधि, कार्यमा आधारित सिकाइ, भाषा प्रयोगशाला विधिलगायत भाषिक प्रयोग, प्रकार्य, नमुना प्रदर्शनमा कम्प्युटरको प्रयोग अनिवार्य जस्तै बनेको छ (शर्मा र पौडेल, २०६८, पृ. ३०५) । त्यसैगरी वर्तमान समयमा नेपाली भाषा शिक्षणका लागि अडियो भिडियो, पावरपोइन्टको प्रयोग गर्न, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्री डाउनलोड र प्रयोग गर्न, शब्दकोश प्रयोग गर्ने प्रयोजनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भइरहेको देखिन्छ । नेपाल सरकारद्वारा तयार पारिएका डिजिटल नेपाल फ्रेमवर्क (२०१९), सूचना तथा सञ्चार नीति २०७२, शिक्षाका राष्ट्रिय उद्देश्य एवम् पाठ्यक्रमले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्राथमिकतामा राखेका छन् । सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइमा एकीकरणका रूपमा नभई माध्यमका रूपमा प्रयोग गर्न सकिन्छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिले शिक्षा क्षेत्रको व्यवस्थापन, शिक्षण कार्य प्रक्रिया र शिक्षक एवम् विद्यार्थीका तालिममा भएका परिवर्तनहरूलाई जनाउँछ (कार्नोय, सन् २००४, पृ. ५) । यस विचारले शिक्षाक्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको उपयोगलाई जनाउँछ । कक्षाकोठाका सन्दर्भमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विभिन्न विधि र तरिकाहरू लागु गर्न सकिन्छ (सलेही र सलेही, सन् २०१२, पृ. २१५) । कक्षा सहजीकरण प्रक्रिया र विद्यार्थीको सिकाइलाई भिन्न तरिकाले उपयोग गर्न सहयोगी बनेको छ । भाषा सिकाइमा कम्प्युटर, इन्टरनेट, ब्लग, वेभमा आधारित सिकाइ, इमेल आदिको व्यापक प्रयोग भइरहेको छ (काम्ब्ले सन् २०२२ पृ. ५८) । यसरी हेर्दा सूचना तथा सञ्चार प्रविधिको प्रविधिको प्रवेशले नेपाली भाषा शिक्षणमा नवीनता ल्याएको देखिन्छ ।

शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको व्यापक प्रयोग भइरहेको अवस्थामा नेपाली भाषा शिक्षणमा शिक्षकहरूले कस्ता सूचना तथा सञ्चार प्रविधिको गर्ने प्रयोग गरेका छन् र तिनको प्रयोगमा कस्ता चुनौतीहरू सामना गरिरहेका छन् भन्ने विषयको खोजी गर्नु सान्दर्भिक रहेको छ । त्यसैले नेपाली भाषा शिक्षणका सन्दर्भमा सूचना प्रविधिको प्रयोग गर्दा शिक्षकले भोगेका अनुभव र सामना गर्नु परेका

चुनौतीहरूमा आधारित भएर प्रस्तुत अनुसन्धान गर्नुपरेको हो । प्रस्तुत अध्ययन नेपाली भाषा शिक्षकहरूको सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी अनुभव र उनीहरूले भोगेका चुनौतीहरूको पहिचान र विश्लेषण गर्ने उद्देश्यमा आधारित रहेको छ । सूचना तथा सञ्चार प्रविधिअन्तर्गत धेरै साधनहरूको उपयोग गर्ने गरिए पनि यस अध्ययनलाई नेपाली भाषा शिक्षणका क्रममा विद्यालय स्तरका शिक्षकहरूले कक्षाकोठाको सिकाइ प्रक्रियामा प्रयोग गर्न सक्ने साधनहरूमा सीमित गरिएको छ । यस अध्ययनको भौगोलिक परिसीमाका रूपमा सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिकाअन्तर्गतका नेपाली भाषा शिक्षकहरू मात्र रहेका छन् ।

## समस्याकथन

इन्टरनेटको द्रुततर विकासले सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोगले हाम्रो जीवन, सिक्ने, सिकाउने, काम गर्ने, खेल्ने तरिकामा अभूतपूर्व परिवर्तन ल्याएको छ । यसै सन्दर्भमा शिक्षाका विभिन्न क्षेत्रमा पनि सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढिरहेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगले परम्परागत शिक्षणलाई सुधार गर्न सक्छ (कार्नोय, सन् २००४, पृ. १४) । यद्यपि नेपाली भाषा शिक्षण परम्परागत रूपमा चलिरहेका गुनासाहरू सुन्न पाइन्छ । यस सन्दर्भमा सूचना तथा सञ्चार प्रविधिले विद्यार्थीको शिक्षण सिकाइमा पारेको प्रभावका आधारमा धेरै अनुसन्धान केन्द्रित भए पनि सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा नेपाली भाषा शिक्षकका अनुभव र चुनौती विषयमा अध्ययनको अभाव रहेको देखिन्छ । यस अवस्थामा सुर्खेत जिल्लाका नेपाली भाषा शिक्षकहरूले सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी आफ्ना धारणा तथा अनुभवहरूको खोजी गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नेपाली भाषा शिक्षकहरूका अनुभव र तिनले भोगेका चुनौतीहरूलाई यस अध्ययनको समस्या मानिएको छ । यसै समस्यालाई समाधान गर्न सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नेपाली भाषा शिक्षकहरूले के कस्ता अनुभव र चुनौतीहरू भोगेका छन् भन्ने पक्षलाई यस अध्ययनमा अनुसन्धान प्रश्नका रूपमा लिइएको छ । प्रस्तुत अध्ययन नेपाली भाषा शिक्षकहरूले सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्दा भोगेका अनुभव र उनीहरूले सामना गर्नुपरेका चुनौतीहरूलाई पहिचान एवम् विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित रहेको छ ।

## सम्बन्धित पूर्वकार्यको समीक्षा

प्रस्तुत अध्ययनमा सम्बन्धित पूर्वकार्यहरूलाई निम्नानुसारका विषयवस्तु (थिमेटिक) आधारमा समीक्षा गरी यसको अन्त्यमा शोध अन्तराल प्रस्तुत गरिएको छ :

### *सूचना तथा सञ्चार प्रविधिसम्बद्ध सामग्रीहरू*

न्यौपाने (सन् २०२३) ले क्यासेट प्लेयर, टेलिभिजन, प्रोजेक्टर, मोबाइल, फोटोकपी मेसिन, प्रिन्टर, बेभसाइट, माइक्रोफोन, इमेल, इन्टरनेट अनलाइन पत्रपत्रिका शैक्षिक अनलाइन, डिजिटल क्यामेरा, स्क्यानर, फ्याक्सलाई विद्यालय शिक्षामा प्रयोग हुने विद्युतीय साधन मानेका छन् । त्यसै गरी नेपाल (सन् २०२४) ले कम्प्युटर, ल्यापटप, मोबाइल, इन्टरनेट, ट्याबलेट, प्रोजेक्टर, विभिन्न वेबसाइट तथा तिनीहरूले प्रवाह गर्ने सूचनालाई सूचना प्रविधिले समेट्ने जनाएका छन् । उनले शिक्षाका क्षेत्रमा सूचना प्रविधिका रूपमा

उपयोगमा आएका कम्प्युटर, ल्यापटप, प्रोजेक्टर, स्मार्ट बोर्डजस्ता उपकरणहरू प्रयोग भएको र त्यस्ता उपकरणहरूले तथ्याङ्कको सिर्जना गर्ने, सेयर गर्ने, स्थानान्तरण गर्ने, परिवर्तन गर्ने र सूचनामा परिवर्तन गर्ने काम गर्ने जनाएका छन् । एन्डर्सन, भ्यान र डुचाटो (सन् २००२) ले सूचना तथा सञ्चार प्रविधिमा शिक्षकका सक्षमताहरू प्रस्तुत गरेका छन् । उनले सूचना तथा सञ्चार प्रविधिलाई उद्देश्य निर्धारण (किन, कहाँ, कहिले), समूह कार्य र कक्षा व्यवस्थापन, उपयुक्त सामग्रीको प्रयोग र विश्लेषण, सामग्रीको मूल्याङ्कन, विद्यार्थीलाई खोजका लागि सहयोग, सञ्चार र सहकार्यका लागि उपयुक्त उपकरणको प्रयोग, पेसागत दक्षता अभिवृद्धि गरी सात प्रकारका सक्षमता निर्धारण गरेका छन् ।

### ***सूचना तथा सञ्चार प्रविधिसम्बन्धी नेपालको शैक्षिक नीतिहरू***

सूचना तथा सञ्चार मन्त्रालय (२०७२) को सूचना तथा सञ्चार नीति २०७२ मा शैक्षिक क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिलाई समायोजन गर्दै तालिम तथा शैक्षिक गुणस्तर वृद्धिका लागि विशेष कार्यक्रम लागु गर्ने र विद्युतीय विद्यालय, विद्युतीय सिकाइ एवम् विद्युतीय शिक्षामार्फत सिकाइ प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिने जनाइएको छ (पृ. ६, ७) । त्यस्तै शिक्षा मन्त्रालय (सन् २०१३) ले शिक्षामा सूचना प्रविधिको विकासका लागि पूर्वाधारको विकास, मानव संसाधन विकास, डिजिटल सामग्री विकास, शैक्षिक पद्धतिको विकास गरी मुख्य चार घटकलाई आफ्नो मास्टर प्लानमा समावेश गरेको छ । त्यसरी नै विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६) ले विद्यालय शिक्षाको पाठ्यक्रम विकास प्रारूप (२०७९) मा विद्यालयमा सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्ने माध्यमका रूपमा सूचना तथा सञ्चार प्रविधिलाई उपयोग गरिने जनाएको छ । यसका साथै प्रविधिमा दक्ष जनशक्ति विकासका लागि विद्यालय तहदेखि नै सूचना तथा सञ्चार प्रविधिमा आधारित पाठ्यक्रम तथा पाठ्यसामग्री विकास र सहजीकरणका सामग्री विकासमा जोड दिइने उल्लेख गरेको छ । त्यस्तै पाठ्यक्रम विकास केन्द्र (२०७८) ले माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ मा सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने उद्देश्य राख्दै सिकाइ सहजीकरण प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्न सुझाएको छ । त्यसै गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (२०८०) ले शिक्षकका सक्षमताको आठौँ सक्षमताका रूपमा सूचना तथा सञ्चार प्रविधिलाई समावेश गरेको छ । यसरी सूचना तथा सञ्चार प्रविधिलाई शैक्षिक गुणस्तर अभिवृद्धिका आधारका रूपमा लिइएको छ ।

### ***भाषा शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको महत्त्व***

न्यौपाने (सन् २०२३) ले विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगले शिक्षणलाई मनोरञ्जनात्मक र ज्ञानवर्द्धक बनाउने; सिकाइ क्रियाकलापको गुणस्तरीयता र विश्वसनीयता बढाउने तथा समय, स्थान र परिवेशको नियन्त्रणबाट सिकारुलाई टाढा राखी भाषिक क्षमता वृद्धिमा सहयोग गर्ने भएकाले यसको भाषा सिकाइमा महत्त्व रहेको जनाएका छन् । त्यसैगरी अधिकारी (सन् २०२३) ले सूचना तथा प्रविधिले अन्य देश र भाषाका सामग्री अध्ययनसमेत पहुँच पुऱ्याएको र घरमै बसेर विभिन्न तथ्यहरू प्राप्तिका लागि पनि सूचना तथा सञ्चार प्रविधि उपयोगी भएको जनाएका छन् । यसै सन्दर्भमा राथिस्वरी ( सन् २०१८) ले सूचना प्रविधिलाई शिक्षणसम्बन्धी तालिममा समावेश गर्दा यसले शिक्षणको गुणस्तरलाई प्रभावकारी बनाउने बताएका छन् । त्यस्तै टिनियो (सन् २००३) ले सूचना तथा सञ्चार प्रविधिलाई विभिन्न

शैक्षिक अवसर विस्तार गर्ने शक्तिशाली माध्यमका रूपमा चिनाउँदै सूचना तथा सञ्चार प्रविधिले समय र स्थानको सीमा तोड्ने तथा स्रोतमा पहुँच पुग्नेसम्बन्धी मुख्य दुई ओटा विशेषता औँल्याएका छन् । कुमार ( सन् २००८) ले समय र स्थानको सीमा तोडी गुणस्तरीय सिकाइ वातावरणमा सबैको पहुँच पुर्‍याउन सक्षम भएको बताएका छन् । साथै काम्ब्ले (सन् २०२२) ले भाषा र साहित्य कक्षाकोठाभित्र मात्र नहुने भएकाले विद्यार्थीहरूलाई कक्षाकोठा बाहिरका सन्दर्भ सिकाउन आवश्यक हुन्छ तसर्थ शिक्षक र विद्यार्थीसँग सधैँ प्राविधिक उपकरण प्रयोग गर्नुपर्ने विचार अभिव्यक्त गरेका छन् ।

***शिक्षणमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी चुनौती र सम्भावना***

सलेही र सलेही (सन् २०१२) ले विद्यालयमा प्राविधिक सहयोगको अभाव, इन्टरनेटमा पहुँच नहुनु, कक्षा समयको अभाव, सामग्रीको प्रयोग र विकाससम्बन्धी सिपको अभावका कारण शिक्षणको माध्यमका रूपमा जटिल स्थान लिएको बताएका छन् । यसै गरी न्यौपाने (सन् २०२३) ले विद्युत, इन्टरनेटको पहुँच नहुनु तथा साधन, स्रोत, तालिम र सहकार्यात्मक संस्कृतिको अभाव रहेका जस्ता भाषा शिक्षणमा सूचना प्रविधिको प्रयोगसम्बन्धी चुनौतीहरू औँल्याएका छन् भने अधिकारी (सन् २०२३) ले वर्तमान समयमा केही विद्यालयका भौतिक संरचनाहरू अहिलेको प्रविधिको प्रयोग गर्न अनुपयुक्त देखिएको, त्यस्ता विद्यालयहरूमा आवश्यक पूर्वाधार बिजुली, कम्प्युटर, टेलिफोन तथा इन्टरनेटका साथै आर्थिक अभाव रहेको एवम् नेपाली भाषा शिक्षकहरूमा प्रविधिको प्रयोगसम्बन्धी सिप र आत्मविश्वास कमी रहेको देखाएका छन् । नेपाल, (सन् २०२४) ले नीतिगत तहका समिति तथा प्रशासनलाई सक्रिय राख्न, प्रविधिजन्य सामग्रीको उपलब्धिता र त्यसको प्रयोग गर्ने वातावरण निर्माण गर्न चुनौती रहेको देखाएका छन् ।

माथि समीक्षित पूर्वकार्यहरूले नेपाली भाषा शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको विशिष्ट सन्दर्भको अभाव रहेका देखाएका छन् । सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी क्षेत्रगत, विषयगत, सिद्धान्तगत अन्तराल पहिचान गरिएको छ । साथै नेपाली भाषा शिक्षणमा शिक्षकका ठोस अनुभवसम्बन्धी अनुसन्धानको अभाव देखिएकाले यो अध्ययन आवश्यक देखिएको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अनुसन्धानको क्षेत्र सुर्खेत जिल्लाका वीरेन्द्रनगर नगरपालिकाअन्तर्गतका सामुदायिक विद्यालयहरूलाई लिइएको छ । यसक्रममा गुणात्मक अनुसन्धान पद्धतिको घटनाविज्ञान दृष्टिकोणका आधारमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धमा शिक्षकका अनुभव र उनीहरूले भोगेका चुनौतीहरूलाई वर्णनात्मक तरिकाले प्रस्तुत गरिएको छ । घटनाविज्ञान दृष्टिकोणले व्यक्तिहरूका प्रत्यक्ष अनुभवहरूलाई गहिराइका साथ बुझ्न मद्दत गर्दछ (भेन मेनन, सन् १९९०, क्रेसवेल र पोथ, सन् २०१८) । यस अध्ययनका सन्दर्भमा घटनाविज्ञान दृष्टिकोणले शिक्षकहरूले सामुदायिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्दा शिक्षकले भोगेका अनुभव, चुनौतीलाई बुझ्न सहयोग पुर्‍याउने भएकोले यस अनुसन्धानको ढाँचालाई अपनाइएको हो । अध्ययन क्षेत्रमा नेपाली भाषा शिक्षण गर्ने तीन जना शिक्षकहरूलाई उद्देश्यमूलक नमुना छनोट पद्धतिका माध्यमबाट छनोट गरी गहन अन्तर्वार्ता सञ्चालन गरी तथ्याङ्क सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनमा फ्रेड डी डेभिसले सन् १९८९ मा विकास गरेको टेक्नोलोजी एसेप्टेन्स मोडल (डेभिस, सन् १९८९) लाई सैद्धान्तिक आधारका रूपमा लिइएको छ । उनको

उपयोगितासम्बन्धी धारणा र प्रयोगको सहजतासम्बन्धी धारणाका आधारमा यस अध्ययनमा तथ्यको विश्लेषण गरिएको छ । अन्तर्वार्ताको प्रश्नावलीमा डेभिसको टेक्नोलोली एसेप्टेन्स मोडलका उपयोगिताको बोध र सहजताको बोधसम्बन्धी सूचक समावेश गरिएका छन् । अन्तर्वार्ताका क्रममा शिक्षकसँग अध्ययनको विषयवस्तुका बारेमा छलफल गरिएको छ । साथै उनीहरूको अनुमति लिई अन्तर्वार्ता लिइएको छ । अध्ययनका क्रममा सहभागी शिक्षककहरूको छद्म नाम राखी उनीहरूका विचारहरू प्रस्तुत गरिएका छन् । सहभागीसँग गरिएका अन्तर्वार्तालाई लिपिमा उतारी उनीहरूका अनुभवहरू बुझ्न, शिक्षककहरूको सूचना तथा सञ्चार प्रविधिसम्बन्धी भविष्यप्रतिको दृष्टिकोण र त्यसको वास्तविक उपयोगितासम्बन्धी विश्लेषणका लागि विषयवस्तुगत विश्लेषण (थेमाटिक) र वर्णनात्मक पद्धतिको उपयोग गरिएको छ ।

## नतिजा र छलफल

प्रस्तुत अध्ययनमा सहभागी सुर्खेत जिल्लाको वीरेन्द्रनगर नगरपालिकामा कार्यरत नेपाली भाषा शिक्षककहरूसँग लिइएको अन्तर्वार्ताबाट प्राप्त तथ्यहरूका आधारमा ती शिक्षककहरूले प्रयोग गर्ने सूचना तथा सञ्चार प्रविधिगत शैक्षिक सामग्रीहरू, सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी शिक्षककहरूका अनुभव र त्यससम्बन्धमा शिक्षककहरूले भोगेका चुनौतीसम्बद्ध नतिजाहरूलाई विषयवस्तुगत (थिमेटिक) रूपमा निम्नलिखित शीर्षक तथा उपशीर्षकहरू छलफल गरिएको छ :

### नेपाली भाषा शिक्षककहरूले प्रयोग गर्ने सूचना तथा सञ्चार प्रविधिगत शैक्षिक सामग्रीहरू

प्रस्तुत अध्ययनमा सहभागी नेपाली भाषा शिक्षककहरूले सूचना तथा सञ्चार प्रविधिगत शैक्षिक सामग्रीहरूलाई शिक्षण सिकाइको माध्यमका रूपमा लिएका छन् । अन्तर्वार्ताको क्रममा उनीहरूले ल्यापटप, मल्टिमिडिया प्रोजेक्टर, सामाजिक सञ्जाल, स्मार्टबोर्ड, युट्युब, वेभसाइट तथा मोबाइल अनुप्रयोगहरू ( एप्लिकेसन) प्रयोग गर्ने गरेको बताएका छन् । यससम्बन्धमा नेपाली भाषा शिक्षण गर्दा तपाइँ कस्ता खालका सूचना तथा सञ्चार प्रविधिगत शैक्षिक सामग्रीहरूको प्रयोग गर्नुहुन्छ भन्ने जिज्ञासामा सहभागी शिक्षक 'खनाल' भन्छन्– ''म सिकाइमा युट्युब, आफैले तयार पारेका पावरपोइन्ट; मातृ नेपाल, सिकाइ चौतारी, समकालीन साहित्य जस्ता विभिन्न वेभसाइट; क्विजिज, पावरपोइन्टबाट निर्माण गरिएका हाजिरी जवाफलाई शिक्षणका क्रममा उपयोग गर्छु'' (सुरज खनाल, व्यक्तिगत सञ्चार, २८ साउन, २०८२) । अन्य सहभागीहरूका पनि यस्तै प्रकारका जवाफ प्राप्त भएका छन् । अध्ययनमा संलग्न शिक्षककहरूका कथनहरूलाई हेर्दा नेपाली भाषा शिक्षण गर्ने शिक्षककहरूले मोबाइल, ल्यापटप र इन्टरनेटलाई नै सिकाइको मुख्य आधार मानेको पाइन्छ । उनीहरूले इन्टरनेट र अन्तरक्रियात्मक मल्टिमिडिया नेपाली भाषा शिक्षण सिकाइका लागि केही हदसम्म प्रयोग गर्ने गरेको देखिन्छ । युनेस्को सूचना तथा सञ्चार प्रविधिसम्बन्धी चार चरणहरू (उदाउँदो चरण, प्रयोगको चरण, समावेशीकरणको चरण र रूपान्तरणको चरण) मध्ये नेपालका सामुदायिक विद्यालयहरू उदाउँदो चरणमा रहेका छन् (ओझा, सन् २०२३, पृ. ४२) भनेझैं अध्ययन क्षेत्रका शिक्षककहरूले पनि नेपाली भाषा शिक्षणमा सूचना तथा प्रविधि प्रयोगको आवृत्ति कम रहेको बताएको पाइन्छ । यसरी हेर्दा नेपाली भाषा शिक्षककहरूले जेजति सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेका छन्, त्यो न्यून नै छ भन्नुपर्छ ।

## सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी सुर्खेत जिल्लाका नेपाली भाषा शिक्षकहरूका अनुभव

सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी सुर्खेत जिल्लाका नेपाली भाषा शिक्षकहरूका अनुभवहरूलाई निम्नलिखित उपशीर्षकहरू छलफल गरिएको छ :

### *सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा स्वप्रयत्न*

अध्ययन क्षेत्रका शिक्षकहरूले आफूमा सूचना तथा सञ्चार प्रविधिको दक्षता सामान्य स्तरमा रहेका जनाएका छन् । थोरै शिक्षकले मात्र सम्बन्धित निकायबाट सूचना तथा सञ्चार प्रविधिसम्बन्धी तालिम लिएको धारणा व्यक्त गरेका छन् । यसै सन्दर्भमा सहभागी शिक्षक 'थापा' भन्छन्– ''म सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सरकारी निकायले दिएको पाँच दिने तालिममा सहभागी भएको छु साथै अन्य संस्थाले प्रदानका गरेका तालिममा सहभागी भएको छु तर मैले आफैं सिक्ने प्रयास बढी गरेको छु । यसमा साथीहरूको केही सहयोग महत्त्वपूर्ण छ'' (मानव थापा, व्यक्तिगत सञ्चार, २१ भदौ, २०८२) । अध्ययनमा सहभागी शिक्षकका यी विचारहरूले सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा स्वप्रयत्न महत्त्वपूर्ण हुने देखिन्छ । औपचारिक शिक्षण सिकाइ र शिक्षक प्रशिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई प्रभावकारी रूपमा एकीकृत गर्न आवश्यक छ (मुल्लमा, सन् २०१०, पृ ३८) । शिक्षणमा सूचना प्रविधिको व्यापक प्रयोगका लागि सर्वप्रथम शिक्षक नै सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा दक्ष हुनुपर्छ । शिक्षकहरूमा प्रविधिसम्बन्धी आत्मविश्वास र सिप बढ्दै जाँदा उनीहरू आफ्नो शिक्षण सुधारका तरिकाको खोजी गर्छन् र यस्तो समयमा शिक्षणलाई प्रभावकारी बनाउन तालिमले प्रविधिसम्बन्धी सिप विकासमा जोड दिनुपर्ने हुन्छ (एन्डर्सन, भ्यान र डुचाटो, सन् २००२, पृ. ४९) । यी तथ्यका आधारमा भन्दा सामुदायिक विद्यालयका शिक्षकहरूलाई अन्य निकायबाट सूचना तथा सञ्चार प्रविधिको सिपसँग सम्बन्धित कुनै सहयोग प्राप्त नभएपनि शिक्षक आफैंले यससम्बन्धी दक्षता हासिल गर्नु परेको अवस्था रहेको छ भन्न सकिन्छ ।

### *सूचना तथा सञ्चार प्रविधिको प्रयोगले सिकाइमा सहयोग*

भाषा शिक्षणमा सूचना प्रविधि एकीकृत गरी नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूले यसलाई उपयोगी साधन तथा स्रोतका रूपमा रहेको धारणा राखेका छन् । सम्बन्धमा शिक्षक 'खनाल' ले भने– "शिक्षण प्रक्रियालाई विद्यार्थी केन्द्रित र सामग्रीमा आधारित शिक्षण बनाउन सूचना तथा सञ्चार प्रविधिले सहयोग गर्छ साथै सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीहरूमा आइसिटी सिपको विकासमा समेत सहयोग पुग्दछ" (सुरज खनाल, व्यक्तिगत सञ्चार, २८ साउन, २०८२) । त्यसै गरी शिक्षक 'थापा' ले "सिकाइ सामग्रीमा सहज पहुँच पुऱ्याउने र व्यक्तिगत सिकाइमा सहयोगी भएको छ" भन्ने धारणा राखेका छन् (मानव थापा, व्यक्तिगत सञ्चार, २१ भदौ, २०८२) । यस सम्बन्धमा शिक्षक 'बुढा' भन्छन्– ''सूचना तथा सञ्चार प्रविधिले विद्यार्थीहरूलाई भविष्यमा आवश्यक पर्ने सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सिप विकासमा पनि सहयोग गर्ने गरेको छ । साथै सूचना तथा सञ्चार प्रविधिको प्रयोगले मलाई कक्षामा सुनाइ पाठ शिक्षण र सुनाइ सिप परीक्षण, खाली कक्षा व्यवस्थापनमा मद्दत पुगेको छ'' (श्रवण बुढा, व्यक्तिगत सञ्चार, १६ भदौ, २०८२) । अन्य सहभागीहरूबाट सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीको सिकाइ र व्यवहारमा समेत परिवर्तन ल्याउने राय प्राप्त भएका छन् । यस सम्बन्धमा शिक्षक 'बुढा'

भन्छन्– “सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी भाषा शिक्षण गर्दा विद्यार्थी केन्द्रित शिक्षण हुने, दृश्यमा आधारित र आफैले सिक्ने सिकाइमा जोड दिने भएकाले विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धिमा सहयोग गर्छ” (श्रवण बुढा, व्यक्तिगत सञ्चार, १६ भदौ, २०८२) । पोखरेल (सन् २०२४) ले शिक्षण र सिकाइलाई सहज र प्रभावकारी बनाउन सूचना प्रविधिका उपकरणको प्रयोग नितान्त आवश्यक रहेको बताएका छन् (पृ. १७९) । यसले सिकाइलाई विद्यार्थी केन्द्रित र सामग्री केन्द्रित बनाउन सहयोग गर्ने विचार शिक्षकहरूको रहेको छ । यस सम्बन्धमा मुल्लमा (सन् २०१०) ले भनेका छन्– ‘‘वेभ २.० र ३.० को विकासले सिकाइमा नवीनता र परिवर्तनका विभिन्न अवसरहरू प्रदान गरेको छ । यसको प्रयोगले शिक्षण प्रक्रिया विद्यार्थी केन्द्रित हुँदै गइरहेको छ भने शिक्षक., विद्यार्थी र सिकाइको भूमिका परिवर्तन हुँदै गइरहेको छ (पृ. ४३) ।” यहाँ वेभ ३.० ले कृत्रिम बौद्धिकतालाई जनाउने गर्दछ । टेक्नोलोजी एसेप्टेन्स मोडलमा सूचना तथा सञ्चार प्रविधिले विद्यार्थीको सिकाइ प्रक्रियाको दक्षता र प्रभावकारिता सुधार्न मद्दत गर्छ (मस्रोम, सन् २००७, पृ. ८) भनेझैँ शिक्षकहरूले पनि सूचना प्रविधिले सिकाइ प्रक्रियामा सहयोग गर्ने धारणा राखेका छन् । सामग्रीको दीर्घकालीन प्रयोग गर्न, सामग्री निर्माणको समय बचत गर्न, शिक्षकको बोझ कम गर्न, सामग्रीको सहज प्राप्ति र सामग्री आदानप्रदान गर्न सूचना तथा सञ्चार प्रविधि सहज हुने गरेको छ ।

***सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीलाई नबुझेका विषयमा स्वाअध्ययन गर्ने बानीको विकास***

सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीलाई नबुझेका विषयमा स्वाअध्ययन गर्ने बानीको विकास हुने गरेको अनुभव अध्ययनमा सहभागी शिक्षकहरूले व्यक्त गरेका छन् । यसको प्रयोगले विद्यार्थीको व्यवहारमा प्रभाव पार्ने विषयमा शिक्षक ‘खनाल’ भन्छन्– “मैले विद्यार्थीहरूलाई स्मार्टबोर्ड भएको कक्षामा सहभागी गराएँ । त्यहाँ कक्षा १२ को नेपाली विषयको मातृत्व कथाको भिडियो प्रदर्शन गरेपछि विद्यार्थीहरूमा फरक अनुभूति पाएँ । यसले विद्यार्थीहरूमा सिकाइप्रति एकाग्रता ल्याउने, छुटेका तथा नबुझेका विषयमा स्वअध्ययन गर्ने बानीको विकास भएको पाएँ” (सुरज खनाल, व्यक्तिगत सञ्चार, २८ साउन, २०८२) । प्रस्तुत अध्ययनको अन्तर्वार्ताका क्रममा अन्य सूचकहरूले पनि यस्तै अनुभव सुनाएका छन् । अतः सिकाइका क्रममा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विद्यार्थीलाई लाभदायक हुने देखिन्छ ।

***सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीलाई सिकाइप्रति उत्साहित बनाउने***

सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीलाई सिकाइप्रति उत्साहित पनि बनाउने गर्छ । सिकाइको वातावरण निर्माण गर्छ । सिकाइमा मनोरञ्जन दिन्छ । सुनाइका साथै दृश्य तथा पाठ्यसामग्रीको प्रयोगबाट सिकाइमा बहुल मार्गको उपयोग हुन्छ भन्ने धारणा राखेका छन् । यस सम्बन्धमा शिक्षक ‘बुढा’ भन्छन्– ‘‘मैले कक्षामा पावरपोइन्ट र भिडियोहरू प्रयोग गर्दा विद्यार्थीहरूलाई सक्रिय बनाउन र उनीहरूको सिकाइमा सहभागिता बढाउने सूचना तथा सञ्चार प्रविधिले सहयोग गरेको महसुस गरेको छु’’ (श्रवण बुढा, व्यक्तिगत सञ्चार, १६ भदौ, २०८२) । यससम्बन्धमा शिक्षक ‘खनाल’ले यसो भन्छन्– “सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विद्यार्थीहरू रुचि राख्ने खालका हुने हुँदा यसको प्रयोगले उनीहरूमा सिकाइप्रति सहभागिता र सक्रियता बढ्छ” (सुरज खनाल, व्यक्तिगत सञ्चार, २८ साउन,

२०८२) । त्यसैगरी शिक्षक 'खनाल' थप्छन्– "कक्षालाई अन्तरक्रियात्मक बनाउन सहयोग गर्छ" (सुरज खनाल, व्यक्तिगत सञ्चार, २८ साउन, २०८२) । अन्य सहभागीहरूले पनि विद्यार्थीको सक्रिय सहभागिता बढाउन, भाषिक सिप विकासका कार्यकलापका सहयोग गर्ने, सिकाइ उपलब्धि सुधार गर्न र खाली कक्षा व्यवस्थापनमा पनि सहयोगी हुने धारणा राखेका छन् । साथै सिकाइलाई सशक्त र अभ्यासका आधारमा व्यक्तिगत सिकाइलाई मद्दत गरेको छ । तत्काल विकास भएका प्रविधिहरूले शिक्षाको गुणस्तर बढाउनका साथै शिक्षक विद्यार्थीको भूमिकालाई रचनात्मक र आलोचनात्मक बनाउन सहयोग गर्छ (जोशी र अयर, २०२४, पृ. ४१) । तसर्थ सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीलाई सिकाइप्रति उत्साहित बनाउने गरेको देखिन्छ ।

***सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीहरूमा शिक्षकप्रति सकारात्मक सोच विकास गराउने***

यस अध्ययनमा सहभागी भएका सूचकहरूले सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेर शिक्षण गर्दा विद्यार्थीहरूमा शिक्षकप्रति सकारात्मक सोच विकास गराउने धारणा व्यक्त गरेका छन् । यससम्बन्धमा शिक्षक 'खनाल' भन्छन्– "सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीहरूमा शिक्षकप्रति सकारात्मक सोच विकास गराउने रहेछ" (सुरज खनाल, व्यक्तिगत सञ्चार, २८ साउन, २०८२) । अन्य सहभागीहरूका धारणा पनि यस्तै रहेको पाइन्छ । सूचकबाट प्राप्त विचारहरूलाई हेर्दा सूचना तथा सञ्चार प्रविधिको प्रयोगले शिक्षकहरूप्रति विद्यार्थीले सकारात्मक धारणा बनाउने र विद्यार्थीहरूमा रुचि बढाउने गर्छ । पूर्वकार्यका आधारमा भन्दा पनि सूचना तथा सञ्चार प्रविधिले एकातिर शिक्षकलाई आफ्नो शिक्षणलाई आकर्षक बनाउनुका साथै विद्यार्थीहरूलाई सिक्न सक्षम बनाउँछ भने अर्कोतिर विद्यार्थीको व्यक्तिगत र सामूहिक सिकाइलाई सहयोग गर्छ (राथिस्वरी, सन् २०१८, पृ. ४५) । जुन विचार नेपाली भाषा शिक्षकका अनुभवसँग मेल खान्छन् ।

***सूचना तथा सञ्चार प्रविधिको प्रयोगले नेपाली भाषा सिकाइमा सहजताको अनुभव***

सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्दा नेपाली भाषा शिक्षणमा सहज भएको अनुभव शिक्षकहरूले सुनाएका छन् । यस सम्बन्धमा शिक्षक 'खनाल' ले सहजताका विषयमा पनि आफ्ना धारणा राखेका छन् । सूचना तथा सञ्चार प्रविधिको प्रयोगले नेपाली भाषा शिक्षणमा सहजता ल्याएको विषयमा शिक्षक 'खनाल' भन्छन्– "एक पटक सामग्री निर्माण गरिसकेपछि त्यसलाई लामो समयसम्म नेपाली भाषा सिकाइमा उपयोग गर्न सकिने र सामग्री आदानप्रदान गर्न पनि सहज हुन्छ" (सुरज खनाल, व्यक्तिगत सञ्चार, २८ साउन, २०८२) । उनी अगाडि भन्छन्– "सूचना तथा सञ्चार प्रविधिको प्रयोगले कक्षामा शिक्षकको कार्य बोझ घटाउनुका साथै आफूलाई कक्षामा बोलीरहनुपर्ने झन्झटबाट मुक्त गराउँछ । यसका साथै अनलाइनबाट सामग्री खोजी गरेर उपयोग गर्दा सामग्री निर्माणको समय पनि बचत हुन्छ" (सुरज खनाल, व्यक्तिगत सञ्चार, २८ साउन, २०८२) । त्यसैगरी सूचना तथा सञ्चार प्रविधिका माध्यमबाट शिक्षण गर्दा विद्यार्थीहरूलाई सिकाइप्रति रुचि र सक्रियता बढाउन सकिन्छ भन्ने धारणा शिक्षक 'खनाल' ले नै व्यक्त गरेका छन् (सुरज खनाल, व्यक्तिगत सञ्चार, २८ साउन, २०८२) । यससम्बन्धमा शिक्षक 'थापा' ले आफ्ना अनुभवलाई यसरी व्यक्त गरेका छन्– "मोबाइल वा कम्प्युटरमा पाठ्यक्रम, शिक्षक निर्देशिका, पाठ्यपुस्तक, शब्दकोशको उपयोग गर्न सकिने भएको छ" (मानव थापा, व्यक्तिगत सञ्चार, २१ भदौ,

२०८२) । त्यसैगरी शिक्षक 'थापा' भन्छन्– "व्याख्यामा आधारित हुने पाठहरूलाई दृश्यात्मक बनाउन सूचना तथा सञ्चार प्रविधिले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ" (मानव थापा, व्यक्तिगत सञ्चार, २१ भदौ, २०८२) । उनी अगाडि भन्छन्– "अनलाइन हाजिरीजवाफ जस्ता खेल खेलाउन, सुनाइ पाठहरूलाई सजिलै मोबाइल र स्पिकरको सहयोगमा उपयोगी बनेको छ" (मानव थापा, व्यक्तिगत सञ्चार, २१ भदौ, २०८२) । यससम्बन्धमा शिक्षक 'खनाल' का विचारसँग शिक्षक 'थापा' र 'बुढा' का विचारहरूमा एकरूपता देखिन्छ । अध्ययनका अन्य सहभागी शिक्षकहरूले एकातिर सूचना तथा सञ्चार प्रविधिलाई आफूहरूले भाषा शिक्षणमा श्रुतिलेखन, श्रुति परीक्षण, लयवाचन, पाठव्याख्या, समस्या समाधान, लेखकको परिचय, जीवनीकारका व्यक्तिवृत्त, अनुच्छेद तथा पाठ लेखन र पठन, नमुना प्रदर्शनजस्ता कार्यका लागि सहज भएको जनाएका छन् भने अर्कोतिर विद्यालयमा भएका प्रोजेक्टर, स्मार्टबोर्ड, ल्यापटप, इन्टरनेट, स्पिकर, कम्प्युटर प्रयोगशाला र विद्यालयले सञ्चालन गरेका छोटो अवधिका तालिमले केही हदसम्म सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सरल मार्गमा प्रस्तुत गरेको बताएका छन् । सहभागीहरूका उपर्युक्त अनुभवअनुसार कविताको लयवाचन, व्याख्या, लेखकको परिचय, कथा श्रवण बुढा, जीवनीकारको व्यक्तिवृत्त, अनुच्छेद पठन तथा पाठ पठन, नमुना प्रदर्शन, कुराकानी, वस्तु एवम् चित्र वर्णन, संरचना वर्णन, सारांश लेखन, घटना क्रम मिलान, प्रश्नोत्तर जस्ता विषयमा सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्न सकिन्छ । त्यस्तै व्याकरण, शब्दभण्डार र वर्णविन्यासका लागि पनि यसको प्रयोग गर्न सकिन्छ । यसको प्रयोगबाट पाठको व्याख्या र अभ्यासको समाधान पनि हुने गरेको पाइन्छ । पूर्वकार्यको निष्कर्षले देखाएअनुसार पनि सूचना तथा सञ्चार प्रविधिको प्रयोग कक्षाकोठाका गतिविधि सञ्चालन, समस्या समाधान, समूह र जोडी कार्य एवम् असाइनमेन्ट गर्नका लागि प्रयोग गर्न सकिन्छ (मुल्लमा, सन् २०१०) । अतः सूचना तथा सञ्चार प्रविधिले गर्दा अनलाइनमा भएका विभिन्न सामग्रीहरूको उपयोग गर्न सकिने भएको छ । यसले गर्दा नेपाली भाषा सिकाइमा समेत शिक्षकलाई सहजता प्रदान गरेको देखिन्छ । यद्यपि सूचना तथा सञ्चार प्रविधिले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्ने भए पनि यसको प्रयोग दर भने कम रहेको शिक्षकहरूले स्विकारेका छन् ।

***सूचना तथा सञ्चार प्रविधिको प्रयोगविना नेपली भाषा सिकाइमा असहजताको अनुभव***

नेपाली भाषा शिक्षकहरूमा प्राविधिक सिपको अभाव र उपकरणको तयारीमा समय खर्च हुने भएकाले असहज हुने गरेको पनि बताएका छन् । सूचना तथा सञ्चार प्रविधिको असहजताका विषयमा शिक्षक 'खनाल' भन्छन्– "नेपाली भाषा शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको उपयोगितासम्बन्धी दुई मत नभए पनि यसको प्रयोग सहजता नहुनु पनि वास्तविकता रहेको छ" (सुरज खनाल, व्यक्तिगत सञ्चार, २८ साउन, २०८२) जनाएका छन् । उनी अगाडि भन्छन् – "कक्षाकोठामा प्रोजेक्टर, स्मार्टबोर्ड भए पनि विद्युत आपूर्ति नियमित नहुने, उपकरणमा विभिन्न प्राविधिक समस्याहरू देखापर्ने, इन्टरनेटको पहुँच सबै कक्षामा नपुग्ने, अनलाइनमा नेपाली भाषामा पर्याप्त सामग्री नहुँदा भाषा सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सरल बन्न सकेको छैन" (व्यक्तिगत सञ्चार, २८ साउन, २०८२) । शिक्षक 'थापा' ले पनि उपर्युक्त अवरोधलाई स्वीकार गर्दै थप विचार राखेका छन् । उनी भन्छन्– "हामीसँग पर्याप्त उपकरणको उपलब्धता पनि छैन, प्राविधिक उपकरणमा देखापर्ने सिपको अभाव छ, कक्षामा उपकरण जडानमै समय

खर्च हुन्छ, तसर्थ असहज भएको अनुभव हुन्छ" (मानव थापा, व्यक्तिगत सञ्चार, २१ भदौ, २०८२) । उनीअझ अगाडि भन्छन् – "यसका अतिरिक्त धेरै उपकरण तथा अनलाइनमा अङ्ग्रेजी भाषाको प्रयोग हुने हुँदा भाषिक समस्या पनि देखा पर्ने गरेका छ" (मानव थापा, व्यक्तिगत सञ्चार, २१ भदौ, २०८२) । शिक्षक 'बुढा' ले माथिका विचारप्रति आफ्नो समर्थनमा मत राख्दै केही भिन्न अनुभव सुनाएका छन् । उनी भन्छन् – "पावरपोइन्ट प्रयोग गर्दै जाँदा विद्यार्थीहरूमा रुचि नदेखिएको थाहा पाएपछि त्यसलाई अन्तरक्रियात्मक बनाउनुपर्ने अनुभव प्राप्त भएको थियो" (श्रवण बुढा, व्यक्तिगत सञ्चार, १६ भदौ, २०८२) । यससम्बन्धमा उनी थप भन्छन्– "नेपाली भाषा शिक्षणसँग सम्बन्धित डिजिटल प्ल्याटफर्मको अभाव देखिन्छ । यसका साथै दृश्य सामग्रीको प्रयोग कसरी गर्ने भन्ने विषयमा पनि जानकार हुन आवश्यक पर्छ" (श्रवण बुढा, व्यक्तिगत सञ्चार, १६ भदौ, २०८२) । यसरी पर्याप्त उपकरण, तालिम र प्राविधिक सिपको अभाव, संस्थागत प्राथमिकतामा सूचना तथा सञ्चार प्रविधि नपर्नुले केही असहज बनाएको धारणा अध्ययनमा सहभागी अन्य शिक्षकहरूले दिएका छन् । यसका साथै सूचना तथा सञ्चार प्रविधिसम्बन्धी अध्ययनका लागि अङ्ग्रेजी भाषाको ज्ञानको अभावले पनि समस्या सिर्जना गरेको र नेपाली भाषा शिक्षणमा निर्मित सामग्रीको अभाव हुने गरेको सहभागी शिक्षकहरूको अनुभव रहेको छ ।

***सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोगसम्बद्ध शिक्षकहरूका भावी योजना र व्यावहारिक दृष्टिकोण***

नेपाली भाषा शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी शिक्षकहरूले आफ्ना केही भावी योजना र आफ्ना व्यावहारिक दृष्टिकोणहरू प्रस्तुत गरेका छन् । यससम्बन्धमा शिक्षक 'खनाल' ले आफूले डिजिटल पुस्तकालयको विकास गर्न र सूचना तथा प्रविधि ल्यावको विकासमा पहल गर्ने जनाएका छन् (सुरज खनाल, व्यक्तिगत सञ्चार, २८ साउन, २०८२) । त्यसै गरी शिक्षक 'थापा' ले आफ्नो प्राविधिक सिप र दक्षता सुधार गरी भाषा शिक्षणका सामग्रीहरू तयार गर्ने योजना रहेको बताएका छन् (मानव थापा, व्यक्तिगत सञ्चार, २१ भदौ, २०८२) । यस सम्बन्धमा शिक्षक 'बुढा' भन्छन्– "म नेपाली भाषा शिक्षणका लागि आवश्यक डिजिटल प्ल्याटफर्मको खोजी गरी शिक्षणमा प्रयोग कसरी गर्न सकिन्छ भन्ने विषयमा भावी समयमा ध्यान केन्द्रित गर्ने छु । साथै आफ्नो वार्षिक शैक्षणिक योजनामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई अझ बढी उपयोग गर्ने छु" (श्रवण बुढा, व्यक्तिगत सञ्चार, १६ भदौ, २०८२) । उनी अझ अगाडि भन्छन्– "वर्तमान समयमा एआईको तीव्र विकास भइसकेको हुनाले भाषा शिक्षणमा यसको उपयोगसम्बन्धी अध्ययन गरी यसको प्रयोग गर्ने छु" (श्रवण बुढा, व्यक्तिगत सञ्चार, १६ भदौ, २०८२) । सहभागी शिक्षकहरूका उपर्युक्त कथनहरूलाई हेर्दा भावी दिनमा सूचना तथा सञ्चार प्रविधिमा सिप एवम् दक्षता बढाउने, कृत्रिम बौद्धिकतालाई भाषा शिक्षणमा उपयोग गर्नेसम्बन्धी सिप विकास गर्ने र कक्षामा प्रयोग दर पनि बढाउने योजना राखेको देखिन्छ । त्यसै गरी विद्यालयमा इपुस्तकालय तथा सूचना सञ्चारप्रविधिमैत्री वातावरण र शैक्षणिक योजना निर्माणका भावी कार्यदिशा प्रस्तुत गरेका छन् । शिक्षकहरूमा प्रविधिको प्रयोगसम्बन्धी व्यक्तिगत रूपमा रुचि वा इच्छा बढाउनका लागि उनीहरूको सकारात्मक धारणा हुनुपर्छ (मस्रोम, सन् २००७, पृ. ८) । शिक्षकका भावी योजनालाई सकारात्मक रूपमा लिएको छन् । शिक्षकका विचार र यस अध्ययनको सैद्धान्तिक आधारका बिचमा मेल खाएको देखिन्छ । शिक्षकका अनुभवले सूचना तथा सञ्चारको प्रयोगप्रति विश्वास बढ्नुका साथै डिजिटल र एआईमा

आधारित प्रविधिको प्रयोगप्रति आकर्षक बढेको छ । शिक्षकहरूले सूचना तथा सञ्चार प्रविधिलाई निरन्तरता दिनका लागि विद्यालयमा सूचना प्रविधिको प्रयोगमैत्री वातावरणको आवश्यकता रहेको धारणा राखेका छन् । यसरी हेर्दा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका अनुभवले शिक्षकको आगामी दिनको व्यवहारमा पनि प्रभाव पार्ने देखिएको छ ।

**सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी सुर्खेत जिल्लाका नेपाली भाषा शिक्षकहरूले भोगेका चुनौतीहरू**

सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी सुर्खेत जिल्लाका नेपाली भाषा शिक्षकहरूले भोगेका चुनौतीहरूलाई निम्नलिखित उपशीर्षकहरू छलफल गरिएको छ :

***विद्यालयमा स्रोत, साधन र सामग्रीको अभाव***

अध्ययनका सहभागी शिक्षकहरूले सामुदायिक विद्यालयमा आर्थिक स्रोतको अभाव, सञ्चार प्रविधिका साधनको कमी र शैक्षणिक सामग्रीको रूपमा यसको प्रयोग कम हुने गरेको बताएका छन् । यस सम्बन्धमा शिक्षक 'खनाल' भन्छन्– "सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न आर्थिक स्रोत आवश्यक पर्दछ तर सामुदायिक विद्यालयमा स्रोतको अभाव रहेको छ" (सुरज खनाल, व्यक्तिगत सञ्चार, २८ साउन, २०८२) । उनी अगाडि भन्छन्– "म कार्यरत विद्यालयमा अनुदान वा आन्तरिक स्रोतबाट खरिद गरिएका साधनहरू कम रहेका छन् । विद्यालयमा भएका २ वटा प्रोजेक्टर तथा ३ वटा ल्यापटपहरू र कम्प्युटर ल्याव शैक्षणिकभन्दा पनि प्रशासनिक प्रयोजनमा उपयोग भइरहेको हुँदा साधनको अभाव रहेको छ" (सुरज खनाल, व्यक्तिगत सञ्चार, २८ साउन, २०८२) । खड्काले पनि विद्यालयहरूमा आर्थिक स्रोतको अभाव रहेको बताएका छन् (सन् २०२१, पृ. ९७) । अध्ययनका अन्य सहभागीहरूका विचारसमेतलाई हेर्दा सामुदायिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्वाधारको अभाव रहेको देखिन्छ । अधिकांश विद्यालयहरूको प्राथमिकता भौतिक पूर्वाधार विकासमा नै रहेको देखिन्छ । सूचना तथा सञ्चार प्रविधिका साधन र स्रोतमा सामुदायिक विद्यालयहरू अब्बल बन्न सकेका देखिएनन् । इन्टरनेटको पहुँच भए पनि त्यसको प्रयोग सबै कक्षामा हुने गरेको पाइँदैन । धेरै कक्षाकोठा भएका विद्यालयमा सबै कोठामा इन्टरनेटको नेटवर्क हुँदैन । सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न मिल्ने खालका उपयुक्त कक्षाकोठाहरू प्रयोग गरिएका छैनन् । अतः विद्यालयमा सूचना तथा सञ्चार प्रविधिसम्बद्ध स्रोत, साधन र सामग्रीको अभाव अभाव रहेको देखिन्छ ।

***सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सिपको कमी***

प्रस्तुत अध्ययनमा सहभागी शिक्षकहरूका मतहरूलाई विश्लेषण गर्दा विद्यालयको आर्थिक स्रोतका कारण आवश्यक उपकरण पर्याप्त नभएको देखिन्छ । कतिपय शिक्षकले आफ्नै लगानीमा ल्यापटप खरिद गरी उपयोग गर्ने गरेको बताएका छन् । यससम्बन्धमा शिक्षक 'थापा' भन्छन् – "सूचना तथा सञ्चार प्रविधिसम्बद्ध अडियो, भिडियो, टेक्स, पावरपोइन्ट आदि सिकाइका माध्यम सामग्री बनाउनका लागि पनि शिक्षकमा प्राविधिक सिप चाहिन्छ । शिक्षकहरूमा सबै सिप विकास गर्न कठिन छ । अनलाइनमा पनि आवश्यकताअनुसारका सामग्री पर्याप्त देखिदैँनन्" (मानव थापा, व्यक्तिगत सञ्चार, २१ भदौ, २०८२) । पूर्वकार्यलाई हेर्दा खड्का (सन् २०२१) ले पनि विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका उपकरण र

त्यसको प्रयोग सिपको अभाव भएको निष्कर्ष निकालेका छन् (पृ. ९७) । त्यसमा पनि नेपाली भाषा विषयमा आधारित सामग्रीको झन् अभाव रहेको देखिन्छ । यसै सन्दर्भमा शिक्षकहरूको प्रयोग सिप, उनीहरूलाई प्रेरणा तथा ऊर्जा वितरण (जोशी र अयर, २०२४, पृ. ४०) जस्ता चुनौती रहेको देखाएका छन् । यस्ता प्रकारका चुनौती अध्ययन क्षेत्रका विद्यालयहरूमा पनि पाइन्छन् । यसरी शिक्षण सामग्रीको निर्माण, छनोट, प्रयोगसम्बद्ध सिपलाई पनि सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी चुनौतीका रूपमा लिइएको पाइन्छ ।

***शिक्षकको पेसागत विकासका लागि तालिमको अभाव***

शिक्षणमा शिक्षकको पेसागत विकास महत्त्वपूर्ण मानिन्छ । पेसागत रूपमा दक्ष शिक्षकले मात्र शिक्षणलाई प्रभावकारी बनाउन सक्छन् । सूचना प्रविधिको प्रयोगमा पनि शिक्षकको पेसागत विकासको भूमिका रहन्छ । यस अध्ययनका सहभागीहरूले शिक्षक पेसागत विकास र निरन्तरता प्रशिक्षणको अभावसम्बन्धी चुनौती रहेको बताएका छन् । यससम्बन्धमा शिक्षक 'खनाल' भन्छन्– "पेसागत विकासका लागि म आफूलाई आवश्यक पर्ने कुराहरू कम्प्युटरमा गर्न आवश्यक छ भन्ने लागेर स्वप्रयत्नबाट मैले यो सिप हासिल गरेँ" (सुरज खनाल, व्यक्तिगत सञ्चार, २८ साउन, २०८२) । उनी अगाडि भन्छन्– "यदि आफ्नो पेसागत विकास अभिवृद्धि गर्न चाहने हो भने सूचना तथा सञ्चार प्रविधि सिक्नै पर्ने हुन्छ । यसले थप पेसागत विकासमा पनि सहयोग पुर्‍याउँछ" (सुरज खनाल, व्यक्तिगत सञ्चार, २८ साउन, २०८२) । पेसागत विकासका लागि सूचना तथा सञ्चार प्रविधिसम्बन्धी तालिममा दुई जना शिक्षकहरू सहभागी नभएको पाइयो । उनीहरूले आफ्नै प्रयासबाट यससम्बन्धी सिप प्राप्त गरेका छन् । शिक्षकहरूले आफूहरूलाई तालिमको अभाव रहेको विचारको अभिव्यक्ति दिएका छन् । नेपाली भाषा शिक्षकका लागि सूचना तथा सञ्चार प्रविधिको तालिमले पर्याप्त प्रयोगात्मक अवसर र अभ्यासमा आधारित हुन नसकेको धारणा राखेका छन् । साथै सूचना तथा सञ्चार प्रविधि निरन्तर विकास भइरहेकाले पुनर्ताजकी तालिम पनि निरन्तर हुनुपर्ने जनाएका छन् । पूर्वकार्यअनुसार भाषा शिक्षणको परिणामको खोजी गर्न र शिक्षकको पेसागत दक्षता सुधारका लागि सूचना तथा सञ्चार प्रविधि आवश्यक रहेको छ (राथिस्वरी, २०१८, पृ. ४७) । नेपाली भाषा शिक्षणमा पनि सूचना तथा सञ्चार प्रविधिको प्रयोग अपरिहार्य बनिरहेको छ । लाउदारी र माहेर (सन् २०१९) ले पनि तालिम र स्रोतलाई सूचना प्रविधिको प्रयोगको चुनौती मानेका छन् । यस अध्ययनमा सहभागी शिक्षकहरूका उपर्युक्त विचारहरूलाई हेर्दा विद्यालय तहमा सूचनाप्रविधिको प्रयोगसम्बन्धी तालिम तथा प्रविधिको अभाव (नेपाल, सन् २०२४, पृ. ४९) रहेको छ भन्ने निष्कर्षमा सहमत हुन सकिन्छ ।

***सूचना तथा सञ्चार प्रविधिको व्यावहारिक प्रयोगमा कमी***

विद्यालयमा सहयोगात्मक वातावरणले सिकाइमैत्री वातावरणलाई प्रोत्साहन गर्दछ । शिक्षकहरूले आफू कार्यरत विद्यालयमा सहयोगात्मक वातावरण रहेको धारणा व्यक्त गरेका छन् । यद्यपि विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा जानकार भएका अन्य शिक्षकहरूले नियमित रूपमा यसको प्रयोगमा चासो नदेखाएको शिक्षकहरूले बताएका छन् । यसमा विद्यालयका नीति तथा योजनामा सूचना तथा सञ्चार प्रविधिको समावेशन भएको र उच्च प्राथमिकतामा परे पनि व्याहारिक प्रयोग कम भएको देखाइएको छ ।

यससम्बन्धमा शिक्षकहरूले विद्यालयमा सूचना सञ्चार प्रविधिका साधनको सीमितता, प्रोत्साहनको अभाव, शिक्षक मनोवृत्ति, सूचना प्रविधिका सामग्रीको चयन तथा निर्माण र समयलाई कारकका रूपमा लिएका छन् । शिक्षक 'थापा' ले शिक्षकहरूले पुस्तक सक्ने कार्यलाई उच्च प्राथमिकता दिने र यसो भएमा जिम्मेवारी पूरा भएको ठान्ने प्रवृत्ति सूचना तथा सञ्चार प्रविधिको प्रयोग आवश्यक नठानेको (मानव थापा, व्यक्तिगत सञ्चार, २१ भदौ, २०८२) जनाएका छन् । यसो हुँदा नेपाली भाषा शिक्षणमा डिजिटल प्लाटफर्महरूको प्रयोग गर्न सक्ने क्षमता शिक्षकहरूमा रहे पनि त्यसको प्रयोग हुन सकेको देखिँदैन । अतः सूचना तथा सञ्चार प्रविधिको व्यावहारिक प्रयोगमा कमी हुनुमा शिक्षकको मनोवृत्ति, शिक्षकलाई प्रोत्साहनको कमी, नीति तथा निर्णयहरूको व्यावहारिक रूपमा कार्यान्वयन नहुनुजस्ता चुनौतीहरूले भूमिका खेलेको पाइन्छ ।

***सूचना तथा सञ्चार प्रविधिको दुरुपयोग र यसको प्रयोगप्रति अविश्वास***

प्रस्तुत अध्ययनका सहभागी शिक्षकहरूका विचारअनुसार विद्यार्थीहरूले सूचना तथा सञ्चार प्रविधिको दुरुपयोग गर्ने गरेको र यसको प्रयोगप्रतिको अविश्वास रहेको बताएका छन् । यससम्बन्धमा शिक्षक 'खनाल' भन्छन्– "कतिपय विद्यार्थीहरूले अनलाइमा रहेका सामग्रीको हुबहु नक्कल गरेर गृहकार्य गर्ने गरेका हुन्छन्" (सुरज खनाल, व्यक्तिगत सञ्चार, २८ साउन, २०८२) । त्यस्तै उनले अन्तर्वार्ताका क्रममा विद्यार्थीहरूले मोबाइल तथा ल्यापटपको प्रयोग सिकाइका लागि भन्दा बढी मनोरञ्जनका लागि गर्ने गरेको अभिभावकले गुनासो गरेको र मोबाइलको अधितम प्रयोगका कारण बालबालिकामा अध्ययनप्रतिको रुचि घट्दै गएको बताएका छन् (सुरज खनाल, व्यक्तिगत सञ्चार, २८ साउन, २०८२) । त्यसैगरी शिक्षक 'थापा' ले पनि शिक्षक 'खनाल' को विचारलाई समर्थन गर्दै भन्छन्– "एक दिन अभिभावकले फोन गरेर यो मोबाइल हेरेर पनि गृहकार्य गर्ने हुन्छ र सर भनेर सोध्नु भएको थियो" (मानव थापा, व्यक्तिगत सञ्चार, २१ भदौ, २०८२) । अध्ययनका अन्य सहभागीहरूले पनि विद्यार्थीहरूमा मोबाइललाई शैक्षिक प्रयोजनका विपरीत अन्य प्रयोजनले उपयोग गर्ने गरेका बताएका छन् । यससम्बन्धमा शिक्षक 'थापा' थप्छन्– "हामी सूचना तथा सञ्चार प्रविधिका सिप सिकाइको चरणमा छौँ तर संसार कृत्रिम बौद्धिकतामा रमाइरहेको हुनाले हाम्रा ज्ञान तथा सिपहरू विद्यार्थी र शिक्षणको वर्तमान आवश्यकतालाई सम्बोधन गर्न सकेका छैनन्" (मानव थापा, व्यक्तिगत सञ्चार, २१ भदौ, २०८२) । यसरी मोबाइल तथा ल्यापटपको सही प्रयोग नहुँदा शिक्षक तथा अभिभावकहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई शिक्षण प्रयोग गर्दा अविश्वास पैदा भएको देखिन्छ । अतः यो एक चुनौतीका रूपमा देखिएको छ । अर्कोतिर शिक्षकले कक्षाकोठामा मोबाइलको प्रयोग गर्नु हुन्न भन्ने मानसिकता पनि रहेको पाइन्छ । नेपाली भाषा शिक्षणमा पनि सूचना सञ्चार प्रविधिको प्रयोग आवश्यक नरहेको र यो त अलि गाह्रा विषयलाई सहज बनाउने हो भन्ने धारणा पनि पाइन्छ ।

हिजोआज नेपाली भाषा शिक्षणमा ल्यापटप, मल्टिमिडिया प्रोजेक्टर, सामाजिक सञ्जाल, स्मार्टबोर्ड, युट्युब, विभिन्न वेभसाइट तथा मोबाइल एप्लिकेसनहरू प्रयोगमा आइरहेका छन् । भाषा शिक्षणमा सूचना तथा सञ्चार प्रविधिका साधनहरूको प्रयोग उपयोगी साबित भएको छ । अध्ययन क्षेत्रका सहभागी नेपाली भाषा शिक्षकहरूले पनि यस्तै सूचना तथा सञ्चार प्रविधिगत शैक्षिक सामग्रीहरू प्रयोग गर्ने गरेका छन् । अध्ययन क्षेत्रका नेपाली भाषा शिक्षकहरूले सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा स्वप्रयत्न गर्ने गरेका,

विद्यार्थीहरूको सिकाइमा शिक्षकहरूलाई सूचना तथा सञ्चार प्रविधिका उपकरणहरूले सहयोग पुऱ्याएको, यसको प्रयोगले विद्यार्थीलाई नबुझेका विषयमा स्वाअध्ययन गर्ने बानीको विकास हुनुका साथै विद्यार्थीलाई सिकाइप्रति उत्साहित बनाएको छ । त्यस्तै सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीहरूमा शिक्षकप्रति सकारात्मक सोच विकास गराएको, शिक्षकलाई नेपाली भाषा सिकाउन सहजताको अनुभव भएको समेत देखिएको छ । त्यसैगरी सूचना तथा सञ्चार प्रविधिको प्रयोग नगर्दा नेपाली भाषा सिकाइमा असहजताको अनुभव हुने गरेको समेत यस अध्ययनको निष्कर्ष रहेको छ । त्यसरी नै सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोगका लागि शिक्षकहरूका भावी योजना र व्यावहारिक दृष्टिकोणले अन्य शिक्षकहरूलाई थप ऊर्जा प्रदान गरेको छ । विद्यार्थीको सिकाइमा सक्रियता र सहभागिता बढाउने, व्यक्तिगत सिकाइमा जोड दिने, सिकाइलाई विद्यार्थी केन्द्रित बनाई सिकाइ उपलब्धि सुधार गर्ने र शिक्षकको बोझलाई कम गर्नेजस्ता कार्यमा सूचना तथा सञ्चार प्रविधिले सहयोग पुगेको छ । यो भाषिक कार्यकलापहरू सञ्चालनमा सहयोगी माध्यम बनेको छ । यद्यपि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न नेपाली भाषा शिक्षकहरूले विद्यालयमा स्रोत, साधन र सामग्रीको अभाव, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सिपको कमी, शिक्षकको पेसागत विकासका लागि तालिमको अभाव, सूचना तथा सञ्चार प्रविधिको व्यावहारिक प्रयोगमा कमी तथा सूचना तथा सञ्चार प्रविधिको दुरुपयोग र यसको प्रयोगप्रति अविश्वासजस्ता चुनौतीहरूको पनि सामना गर्नुपरेको प्रस्तुत अध्ययनबाट निष्कर्ष निस्किएको छ । अतः नेपाली भाषा शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगले सिकाइलाई प्रभावकारी बनाउन सहयोग गर्ने भएको हुँदा शिक्षक आफैमा पेसागत रूपमा दक्ष र सम्बन्धित विद्यालय प्रविधिमैत्री वातावरण हुन आवश्यक छ ।

प्रस्तुत अध्ययनका निष्कर्षका आधारमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नेपाली भाषा शिक्षकहरूले भोगेका चुनौतीहरू समाधान गर्न केही सुझाव प्रस्तुत गरिएका छन् । सामुदायिक विद्यालयहरूलाई सूचना तथा सञ्चार प्रविधिका स्रोत, साधन र सामग्रीले सम्पन्न बनाउन आवश्यक छ । सामुदायिक विद्यालयमा कार्यरत सबै शिक्षकहरूको पेसागत विकासका लागि तालिमको अवसर उपलब्ध गराई सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा निपुण बनाउनुपर्ने देखिन्छ । नेपाली भाषा शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको उपयोगका लागि सम्बन्धित निकायले विशेषरूपले जोड दिनुपर्ने खाँचो देखिएको छ । सूचना तथा सञ्चार प्रविधिको व्यावहारिक प्रयोगमा कमी देखिएको हुँदा शिक्षकहरूलाई यसप्रति उत्प्रेरित गराउन विशेष कार्यक्रम कार्यान्वयन गर्नुपर्ने हुन्छ । वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधिको दुरुपयोग पनि गर्ने गरेको देखिएको हुँदा विद्यार्थीहरूमा यसप्रतिको चेतना अभिवृद्धि गर्न आवश्यक छ ।

## सन्दर्भसामग्री सूची

अधिकारी, मीनप्रसाद (सन् २०२३). भाषा शिक्षणमा सूचना प्रविधिको आवश्यकता र महत्त्व. *रूपान्तरण : अ मल्टिडिसिप्लिनरी जर्नल,* (७१), १२०-१२७ , https://doi.org/10.3126/rupantaran.v7i1.52316

नेपाल, शक्तिराज (सन् २०२४). नेपाली विषयका शिक्षकको सूचना प्रविधिका प्रयोगको अवस्थाको अनलाइन सर्वेक्षण. *सोटाङ, इअर्ली पियर रिभ्यु जर्नल,* ६(१), ४९-६८, https://doi.org/10.3126/sotang.v6i1.72179

न्यौपाने, ताराप्रसाद (सन् २०२३). भाषा शिक्षणमा सूचना प्रविधिको प्रयोग. *इनोभेटिभ रिसर्च जर्नल, ३*(२), १५०–१५५, https://doi.org/10.3126/irj.v3i2.61848

पाठ्यक्रम विकास केन्द्र (२०७९). *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६* (दो.सं.). शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०७८). *माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा ९-१०.* शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।

पोखरेल, शारदा (सन् २०२४). उच्च शिक्षा शिक्षणमा प्रविधिको प्रयोगको अवस्था. *शिक्षाशास्त्र सौरभ, २४,* १७९-१८८. DOI: https://doi.org/10.3126/sss.v24i1.75388

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६८). *नेपाली भाषा र साहित्य शिक्षण* (दोस्रो संस्करण). विद्यार्थी पुस्तक भण्डार ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०८०). *शिक्षक पेसागत विकास प्रारूप* (पहिलो संशोधन). शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

सूचना तथा सञ्चार मन्त्रालय (२०७२). *सूचना तथा सञ्चार प्रविधि नीति, २०७२.* . नेपाल सरकार ।

Anderson, J., Van Weert, T., & Duchateau, C. (2002). Information and communication technology in education: A curriculum for schools and programme of teacher development.

Carnoy, M. (2004). ICT in education: Possibilities and challenges. *Inaugural Lecture of the UOC, 2005*.

Creswell, J. W., & Poth, C. N. (2018). *Qualitative inquiry and research design: Choosing among five approaches* (4th ed.). Sage Publications.

Davis, F. D. (1989). Perceived usefulness, perceived ease of use, and user acceptance of information technology. *MIS quarterly*, 319-340.

Joshi, K. R., & Ayer, R. (2024). Teachers' Experiences and Challenges of Integrating ICTs in English Language Classrooms in Rural Schools of Nepal. *Journal of NELTA Gandaki*, *7*(1-2), 28-42.

Kamble, S. R. (2022). Use of ICT in Language Teaching. *Department of Basic Science & Humanities (English) Narula Institute of Technology, Agarpara, Kolkata*, 58.

Khadka, K. (2021). Prospects and challenges faced by secondary teachers while integrating ICT in Nepalese ESL classrooms. *Dristikon: A Multidisciplinary Journal*, *11*(1), 89-99.

Kumar, R. (2008). Convergence of ICT and Education. *World Academy of Science, Engineering and Technology*, *40*(2008), 556-559.

Laudari, S., & Maher, D. (2019). Barriers to ICT use in EFL teacher education courses in Nepal: An activity theory perspective. *Journal of NELTA*, *24*(1-2), 77-94.

Masrom, M. (2007) "Technology Acceptance model and e-learning". *Technology, 21*(24), 81.

Ministry of Education. (2013). *Information and Communication Technology (ICT) in Education Master Plan 2013–2017*. Government of Nepal.

Mullamaa, K. (2010). ICT in Language Learning--Benefits and Methodological Implications. *International education studies*, *3*(1), 38-44.

Ojha, L. R. (2023). Integration of information, communication and technology in secondary schools of Nepal: Policies and practices. *A Bi-annual South Asian Journal of Research & Innovation*, *10*(2), 42-52.

Ratheeswari, K. (2018). Information communication technology in education. *Journal of Applied and Advanced research*, *3*(1), 45-47.

Salehi, H., & Salehi, Z. (2012). Integration of ICT in language teaching: Challenges and barriers. In *Proceedings of the 3rd International Conference on e-Education, e-Business, e-Management and e-Learning (IC4E, 2012), IPEDR* (Vol. 27, No. 1, pp. 215-219).

Tinio, V. L. (2003, December). *ICT in Education*. United Nations Development Programme, Asia-Pacific Development Information Programme (APDIP). https://url-shortener.me/223F

Van Manen, M. (1990). *Researching lived experience: Human science for an action sensitive pedagogy*. State University of New York Press.